# ७ शङ्कटले निरन्तरता पाउँछ

*<u>यस अध्यायका मूल पदहरू:</u>* यर्मिया ९, यर्मिया १०:१-१५, रोमी १:२५, यर्मिया २६, प्रेरित १७:३०, प्रेरित ५:३४-४१।

*<u>स्मरण गर्नुपर्ने सार पद:</u>* **"२४ तर जसले आत्मज्ञानमा गौरब गर्छ त्यसले यस विषयमा गौरब गरोस्ः 'म परमप्रभुलाई जान्दछु र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रसन्न हुन्छु," परमप्रभु भन्नुहुन्छ।" (यर्मिया ९:२४ रूपान्तरित)।**

परमेश्वरको सेवक यर्मियाको जीवनमा पिडा, दुःख र शङ्कटले निरन्तरता पाइरहेको हुन्छ। अझ भनौं भने प्रेम र चासो देखाएर परमेश्वरले मानिसहरूलाई दिनुभएको सन्देशलाई जनसमक्ष ल्याउँदा त्यसको सुनुवाई होस् भन्ने प्रयास गर्ने क्रममा यर्मियाले दुःख, कष्ट, संघर्ष र चुनौती खप्नुपरेको बृतान्त यर्मियाको पूरै पुस्तकले वर्णन गर्न खोजेको पाइन्छ।

मानिसहरूले यर्मियाको वचनलाई ध्यान दिएर सुनेको भए र उनको चेतावनीप्रति सतर्क भएको भए के हुनेथियो होला? यदि तिनीहरूले सुनेको भए-यदि सारा जनता, राजा तथा शासक वर्ग र धार्मिक अगुवाहरूले नम्र भएर परमेश्वरको सामु झुकेको भए तिनीहरूमाथि उच्चारण गरेको भयानक बिपत्ती आउने थिएन। पछुतो गरेर सुधार गर्ने अवसर यहूदाको मानिसहरूलाई परमेश्वरले दिनुभएको थियो। तिनीहरूले जतिसुकै ठूलो गलत काम गरेतापनि र दुष्टमार्ग अपनाएतापनि तिनीहरूको निम्ति मुक्ति र उद्धारको ढोका बन्द गरिएको थिएन। तिनीहरूको सामु मुक्तिको ढोका खोलिएको थियोः तर तिनीहरू त्यसभित्रबाट पस्न अस्वीकार गरे।

तिनीहरूको पत्थर हृदयप्रति वाक्क हुन आज हामीलाई सजिलो लाग्न सक्छ। तर पावलले भन्दछ "११ यी कुराहरू तिनीहरूलाई चेतावनीको निम्ति भए तापनि ती हामीलाई सतर्क गराउन र अर्ती दिन लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ।" (१ कोरन्थी १०:११)। मानिसहरूले पश्चाताप गरेर परमेश्वरतर्फ फर्किउन् नत्र कस्तो भयानक नतिजा भोग्नुपर्नेछ भनेर बाइबलमा अगाडि देखाएका अनेक उदाहरणहरू छन्। त्यसबाट हामीले के सिक्नुपर्छ?

## १. गौरब गर्नेले यसमा गौरब गरोस्...

अगमवक्ता यर्मियाले आफ्नो बिलाप यर्मिया ९मा सुरू गर्न थालेको देखिन्छ किनभने आफ्नो देश र आफ्ना मानिसहरूमा आइपर्ने विध्वंसलाई उनले देखेका थिए। परमेश्वरले यरुशलेमको बिरुद्धमा कार्वाही गर्ने निर्णय गर्नुभएको थियो। जब उहाँले केही गर्छु भन्छ तब त्यो उहाँले गरिहाल्नुहुन्छ। तिनीहरूले जे सामना गर्नुपर्ने थियो त्यो कुनै आकलझुकल वा अकस्मात आइपर्ने बिपद थिएन न त बेला बेलामा भइरहने दैविप्रकोप भनौं वा भन्न नसकिने नराम्रो घट्नाहरू थिएन। अहँ, तिनीहरूले जे सामना गर्न गइरहेका थियो त्यो परमेश्वरको सिधा न्यायिक कार्वाही थियो। यो थाहा पाएर नै यर्मियालाई अपसोच लागेको थियो। उनले सहनु पर्ने पिडा परमेश्वरलाई लागेको भन्दा पिडा भन्दा सानो नै थियो भनेर बुझ्नुपर्छ।

जुन् सन्दर्भमा देहायको पद लेखिएको थियो त्यो माथिको भन्दा फरक भएतापनि यसले परमेश्वरको मर्मलाई अत्यन्त मार्मिकरूपमा व्यक्त गरेको पाइन्छः “पापले गर्दा हामीहरूको इन्द्रियहरू कतिको लाटो भइसकेका रहेछन् भनेर क्रुसले पर्दाफास गर्दछ। पापको सुरूले गर्दा परमेश्वरको हृदयमा कतिको चोट परेको रहेछ क्रुसले देखाउँछ। जे उचित छ सो नगर्ने प्रत्येक कदमले, प्रत्येक निष्ठुर काम, परमेश्वरको आदर्शबाट बिचलित

हुने कुनै पनि अमानविय व्यवहार जस्ता तत्वहरूले परमेश्वरलाई शोक तथा दुःखमा पार्दछ। जब परमेश्वरसँग सम्बन्ध तोडिन्दा जुन् सङ्कट इस्राएलीहरूमा आए त्यसले गर्दा तिनीहरूका शत्रुहरूले तिनीहरूमाथि निर्मम व्यवहार गरेका थिए र तिनीहरूको हत्या पनि गरेका थिए। त्यसबेला "इस्राएलीहरूको दुर्दशा देखेर परमेश्वरको हृदय व्याकुलभएको थियो" भनेर उल्लेख गरिएको छ। "तिनीहरूको सबै कष्टमा उहाँपनि सहभागी हुनुभएको थियो...उहाँले तिनीहरूको पापलाई सहनुभयो र सबै पुरानो समय भरि उहाँले तिनीहरूलाई बोक्नुभयो।" न्यायकर्ता १०:१६, यशैया ६३:९"-एलेन जी ह्वाइट, एडुकेशन, पृ. २६३बाट रूपान्तरित।

**विशेष गरेर पद २३ र २४मा ध्यानार्कषण गरे यर्मिया ९ पढ्नुहोस्। त्यहाँ व्यक्त गरेका वचनहरू अहिले पनि किन सान्दर्भिक छन्? हेर्नुहोस्: "१ मेरो शिर पानीको मूल र मेरो आँखा आँसुको फोहरा भए त, मेरो प्रजाका मारिएकाहरूका निम्ति म रातदिन रुनेथिएँ। २ मरुभूमिमा यात्रीहरू बस्नका निम्ति मेरो एउटा बस्ने ठाउँ भए त, म आफ्नो प्रजालाई छोड़ेर तिनीहरूबाट टाढ़ा जानेथिएँ। किनकि तिनीहरू सबै व्यभिचारी हुन्, विश्वासघातीको एक जमात थिए। ३ "तिनीहरू झूट बोलिहाल्नलाई आफ्नो जिब्रो धनुझैं तयार गर्छन्। देशमा तिनीहरू सत्यद्वारा विजयी हुँदैनन्। तिनीहरू एक पापदेखि अर्को पापतिर लम्कन्छन्, अनि मलाई चिन्दैनन्,' परमप्रभु भन्नुहुन्छ। ४ "आफ्ना मित्रहरूदेखि होशियार बस। आफ्ना दाजुभाइमाथि पनि भरोसा नराख। किनभने हरेक दाजुभाइ छली र कपती छ, र हरेक मित्र नै झूटा दोष लगाउँदै हिँड्छ। ५ मित्रले मित्रलाई छल गर्छ, र कसैले पनि सत्य कुरा बोल्दैन। तिनीहरूले आफ्नो जिब्रोलाई झूट बोल्न सिकाएका छन्, र तिनीहरू पाप गर्दागर्दा थकित भएका छन्। ६ तिमी छलहरूका बीचमा बस्छौ। आफ्नो छलमा तिनीहरू मलाई चिन्न इन्कार गर्छन्," परमप्रभु भन्नुहुन्छ। ७ यसैकारण**

सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः "हेर, म तिनीहरूलाई खारेर
जाँच्नेछु, किनकि मेरो प्रजाकै पापको कारण म अरू के गर्न सक्छु
र? ८ तिनीहरूको जिब्रो विषालु काँड़ हो, त्यसले छलको कुरा
बोल्दछ। हरेकले आफ्नो छिमेकीसित मुखले त मेलको कुरा
गर्दछ, तर हृदयमा चाहिँ त्यसको विरुद्ध ढुकेर पासो थाप्दछ। ९
के यसैको निम्ति म तिनीहरूलाई दण्ड नदिऊँ?" परमप्रभु
भन्नुहुन्छ। "के यस्तो जातिलाई म दण्ड नदिऊँ?" १०
पहाड़हरूका निम्ति म रुन्छु र विलाप गर्छु, मरुभूमिमा भएका
खर्कहरूका निम्ति म विलाप गर्छु। ती उजाड़ पारिएका छन्,
त्यसबाट भएर कोही पनि यात्रा गर्दैन, र गाई-गोरुहरूको सोर
त्यहाँ सुनिँदैन। आकाशका पन्क्षीहरू भागेका छन्, र पशुहरू
गइगएका छन्। ११ "म यरूशलेमलाई भत्केको थुप्रो, स्यालहरूको
ओड़ार तुल्याइदिनेछु। म यहूदाका नगरहरूलाई उजाड़-स्थान
तुल्याइदिनेछु,र त्यहाँ कोही पनि बस्न सक्नेछैन।" १२ यो बुझ्ने
कुन यस्तो बुद्धिमान् मानिस होला? कसलाई परमप्रभुले
सिकाउनुभएको छ र त्यसले यो बुझाउन सक्छ? कोही त्यसमा
भएर जान नसक्ने गरी किन देश मरुभूमिजस्तै नाश र उजाड़
भयो? १३ परमप्रभुले भन्नुभयो, "किनभने मैले तिनीहरूका सामुन्ने
राखेका मेरो व्यवस्थालाई तिनीहरूले त्यागे। तिनीहरूले मेरो
आज्ञापालन गरेका छैनन्, र मेरो व्यवस्थाबमोजिम तिनीहरू हिँड़का
छैनन्। १४ त्यसको सट्टा तिनीहरू आफ्ना हृदयको हठमा हिँड़र
तिनीहरूका पिता-पुर्खाहरूले सिकाएअनुसार बाल देवताका पछि
लागेका छन्।" १५ यसकारण सर्वशक्तिमान् परमप्रभु, इस्राएलका
परमेश्वर यसो भन्नुहुन्छः "हेर, म यस प्रजालाई ऐरेलु खुवाउनेछु, र
पिउनलाई विषालु पानी दिनेछु। १६ न त तिनीहरूले न
तिनीहरूका पिता-पुर्खाहरूले जानेका जातिहरूका बीचमा म
तिनीहरूलाई छरपष्ट पार्नेछु, र तिनीहरूलाई नष्ट नपारुञ्जेल
तरवार लिएर म तिनीहरूलाई खेद्नेछु।" १७ सर्वशक्तिमान्

परमप्रभु यसो भन्नुहुन्छः “अब विचार गर! विलाप गर्ने स्त्रीहरूलाई
बोलाओ, तिनीहरूमध्येका सबैभन्दा निपुण विलाप गर्नेहरूलाई
बोलाइपठाओ। १८ तिनीहरू चाँड़ै आऊन्, र हाम्रा निम्ति विलाप
गरिदिऊन्, जबसम्म हाम्रा आँखाभरि आँसु हुँदैन, र हाम्रा परेलाबाट
आँसुको धारा छुट्दैन। १९ सियोनबाट विलापको सोर सुनिँदैछः
‘हामीहरू कस्तो किसिमले नष्ट भयौं! हामीहरू लाजले भुतुक्क
भयौं! हामीले हाम्रो देश छोड्नैपर्छ, किनभने हाम्रा घरहरू नष्ट
भए’ ।” २० अब हे स्त्री हो, परमप्रभुको वचन सुन, उहाँको
मुखको वचन सुन्न तिमीहरूका कान खोल। तिमीहरूका
छोरीहरूलाई शोक गर्न र एक-अर्कालाई विलाप गर्न सिकाइदेओ।
२१ हाम्रा बालकहरूलाई गल्लीदेखि, र हाम्रा जवानहरूलाई
चोकहरूदेखि मृत्युले नाश गरेको छ। त्यो हाम्रा झ्यालहरूसम्मै
चढ़ेर आएको छ र हाम्रा किल्लाहरूभित्र पसेको छ। २२ तिमीले
भन्, “परमप्रभु यो घोषणा गर्नुहुन्छः ‘मानिसहरूका लाश बारीका
मलझैं, बाली काट्नेहरूका पछाड़ि छोड़िएका दानाझैं पड़िरहनेछन्, र
कसैले तिनलाई बटुल्नेछैन’ ।” २३ परमप्रभु यसो भन्नुहुन्छः
“बुद्धिमान् मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस्, अथवा बलियो
मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, अथवा धनी मानिसले
आफ्नो धनमा घमण्ड नगरोस्, २४ तर जसले घमण्ड गर्छ त्यसले
यस विषयमा घमण्ड गरोस्ः ‘म परमप्रभुलाई जान्दछु र चिन्दछु, र
उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र
धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रसन्न हुन्छु,”
परमप्रभु भन्नुहुन्छ।

२५ परमप्रभु घोषणा गर्नुहुन्छः “समय आउँदैछ, जब म
शरीरको मात्र खतना भएकाहरू तर यथार्थमा बेखतना भएका
सबैलाई दण्ड दिनेछु – २६ अर्थात् मिश्रदेश, यहूदा, एदोम, अम्मोन,
मोआब र मरुभूमि र टाढ़ा-टाढ़ाका ठाउँहरूमा बस्ने सबैलाई।

**किनकि यी सबै जातिहरू साँच्चै नै बेखतनाका हुन्, र इस्राएलका सारा घरानासित पनि हृदयमा बेखतना भएकाहरू हुन्।"**

जब मृत्यु आउँदछ हामीहरू पर्खालबिनाको शहर जस्तै हौं भनिएको छ। बुद्धि, ज्ञान, धनसम्पत्ति, पराक्रम आदिको मान्यता आफ्नै छ तर विशेष गरेर देवीप्रकोपको सामना गर्नुपर्दा वा मृत्युको छायाँमा लर्किरहनुपर्दा ती सबै अर्थहीन, निष्फल र शुन्य हुनजान्छ। मानिसहरूमा आइपर्ने सत्यानाशको चेतावनीको बीचमा पनि तिनीहरूले के बुझ्नुपर्‍थ्यो कि आफू को हो र आफूले आफ्नो बारे के बुझ्नुपर्छ। त्यतिमात्र नभएर केही हदसम्म हाम्रो बुद्धिले भ्यायसम्म परमेश्वरको प्रेमिलो दया, न्याय र धार्मिकतालाई जान्नु नै हाम्रो सर्वोत्तम हित हो।

अरू के छ र? आशा र सान्त्वना के छ र जब हामीहरूसँग भएको सबै भौतिक, मानिसको पुरुषार्थ र हामीहरूकै शरीरले पनि हामीलाई अधोगतिमा लगियो भने?

**परमेश्वरको शदाशयता, प्रेम, करुणा, न्याय र धार्मिकताको बारेमा क्रुसले कसरी उघारेको छ?**

## २. सृष्टिका जीवहरू वा सृष्टिकर्ता?

**परमेश्वरले आफ्ना** जनहरूलाई तिनीहरूका छिमेकी राष्ट्रका मानिनसहरू भन्दा फरक हुन बोलाउनुभएको थियो। छिमेकी देशहरू विभिन्न गलत शिक्षादीक्षा, मूर्तिपूजा र सृष्टिकर्ता परमेश्वरलाई अमान्य अनेकन् धार्मिक रीतिथितिहरूलाई चुचुरोमा पुर्‍याइरहेका थिए। छिमेकी देशका धर्म तथा चलनलाई अनुसरण नगर्न धेरै जसो चेतावनीहरू मोशाले प्रथम् पाँच पुस्तकहरूमा

**लेखेका छन्**। त्यसको सट्टामा सारा संसारमा सनातन सृष्टिकर्ता परमपिता र उद्धारकर्ता परमेश्वरको सत्यतालाई गवाहीको रूपमा प्रस्तुत हुन इस्राएलीहरूलाई चुनिएको थियो। तर दुर्भाग्यवस, ती इस्राएलीहरूलाई नगर्नु भन्ने चेतावनीसहित दिएको छिमेकी देशहरूका धर्म तथा संस्कारातिर नै तिनीहरू कसरी

लोभिन गएका थिए भन्ने कथाले पुरानो करारका पुस्तकहरू रङ्गिएको पाइएको छ।

यर्मिया १०:१-१६ ध्यानदिएर पढ्नुहोस्। उहाँका जाति भन्नेहरूलाई उहाँले के भनिरहनुभएको छ? यदि परमेश्वरले त्यही खालका चेतावनीहरू वर्तमान संसार, संस्कार, संस्कृति र परिवेशमा दिनुभएको भए तिनीहरूलाई कसरी लेखिने थिए होला? हेर्नुहोस्ः

"१ तब परमप्रभुले मलाई भन्नुभयोः "मोशा र शमूएल मेरो सामुन्ने खड़ा भए तापनि यस जातितिर मेरो मन फर्कनेछैन। तिनीहरूलाई मेरो सामुन्नेबाट निकालिदे। तिनीहरूलाई जान दे! २ अनि 'हामी कहाँ जाऔं?' भनेर यदि तिनीहरूले तिमीलाई सोधे भने, तिमीले तिनीहरूलाई यसो भन्नु, 'परमप्रभु यसो भन्नुहुन्छः मृत्युको लागि लेखिएका भए मृत्युमा नै, तरवारले मारिनेहरू तरवारतिरै जाऊन्, भोकले मर्नेहरू भोकले नै मरून्, कैदमा लगिनेहरू कैदमा नै जाऊन्' । ३ "म तिनीहरूका विरुद्धमा चार किसिमका सर्वनाश गर्नेहरू पठाउनेछु," परमप्रभु भन्नुहुन्छ, "मार्नलाई तरवार, तानेर लैजानलाई कुकुर, आकाशका पन्क्षीहरू र पृथ्वीका पशुहरूचाहिँ निल्न र नाश गर्नलाई। ४ यहूदाको राजा हिजकियाको छोरो मनश्शेले यरूशलेममा जे गरेको थियो त्यसैको कारण म तिनीहरूलाई पृथ्वीका सारा राज्यहरूमा एक घिनलाग्दा कुरा तुल्याउनेछु।

५ "हे यरूशलेम, कसले तिमीलाई टिठ्याउने? तिम्रो निम्ति कसैले शोक गर्नेछ? तिमीहरू कस्ता छौ भनी सोध्नलाई को अड्नेछ र? ६ तिमीले मलाई त्यागेको छस्," परमप्रभु भन्नुहुन्छ। "तिमी पछि नै हट्दैरहनेछौ। यसैले मैले मेरो हात उठाएर तँलाई सर्वनाश गर्नेछु। म तिमीमाथि अझ टिठ्याउन सक्दिनँ। ७ म तिनीहरूलाई देशका सहरहरूका मूल ढोकाहरूमा नाङ्लोले निफनेझैं निफन्नेछु। म मेरो प्रजामाथि शोक र सर्वनाश ल्याउनेछु, किनकि तिनीहरूले आफ्ना चाल बदली गरेनन्। ८ म तिनीहरूका

विधुवाहरूको संख्या समुद्रका बालुवाको संख्याभन्दा धेरै बनाउनेछु। मध्यदिनमा तिनीहरूका जवान मानिसहरूका आमाहरूका विरुद्धमा एउटा सर्वनाश गर्नेलाई ल्याउनेछु। शोक र त्रास एक्कासि म तिनीहरूमाथि ल्याउनेछु। ९ सात जनाकी आमा बेहोश भई मर्नेछे। दिन छँदै त्यसको सूर्य अस्ताइहाल्नेछ। त्यो अपमानित भई लाजमा पारिनेछे। तिनीहरूमा बाँचेकाहरूलाई चाहिँ म तिनीहरूका शत्रुहरूका सामु तरवारले काट्न लाउनेछु," परमप्रभु भन्नुहुन्छ। १० हाय, मेरी आमा, किनकि तपाईंले मलाई जन्म दिनुभयो, मजस्तोलाई, जोसँग सारा देश झगड़ा र विवाद गर्छ। मैले न त ऋण दिएको छु, न ऋण लिएको छु, तापनि सबै जना मलाई सराप्छन्। ११ परमप्रभुले भन्नुभयो, "निश्चय नै म तँलाई एउटा राम्रो अभिप्रायले छुटाउनेछु। निश्चय नै म दुःख र सङ्कष्टको समयमा तिम्रा शत्रुहरूलाई तिमीसँग बिन्ती गर्न लाउनेछु।

१२ "के एउटा मानिसले फलाम भाँच्न सक्छ र– उत्तरको फलाम वा काँसालाई? १३ तिमीहरूको देशभरि आफ्ना सबै पापहरूले गर्दा तिमीहरूका धन-सम्पत्ति र तिमीहरूका भण्डारका माल सित्तैंमा म लूटको मालझैं बाँड़िदिनेछु। १४ म तिमीहरूलाई आफैले नचिनेको देशमा आफ्ना शत्रुहरूका कमारा तुल्याउनेछु। किनभने मेरो रीसले एउटा आगो सल्काउनेछ, जो तिमीहरूका विरुद्धमा निरन्तर जलिरहनेछ।"

१५ हे परमप्रभु, तपाईं बुझ्नुहुन्छ, मलाई सम्झनुहोस्, र मेरो वास्ता गर्नुहोस्। मेरो निम्ति मलाई सताउनेहरूसित बदला लिनुहोस्। तपाईं धैर्यवान् हुनुहुन्छ, मलाई नलैजानुहोस्। तपाईंको खातिर मैले कति गाली सहें, सो सम्झनुहोस्। १६ जब तपाईंका वचनहरू आए ती मैले खाएँ, ती मलाई रमाहट, र मेरो हृदयलाई आनन्द दिने कुरा भए, किनकि तपाईंको नाउँले म कहलाइन्छु, हे सर्वशक्तिमान् परमप्रभु परमेश्वर।"

जे थाहा पाउनुपर्ने थियो सो थाहा पाइसक्नुपर्ने मानिसहरूलाई यर्मियाले सम्बोधन गरिरहेका थिए: ती मानिसका हातहरूले बनेका देवीदेवताहरू केही पनि होइनन्। ती मानिसहरूका आफ्ना भ्रष्ट कल्पनाहरूका उपजमात्रै हुन्। सयौं वर्षपछि त्यस्तै खालका प्रवृत्तिलाई मूल उदाहरण मानेर पावलले सनातन परमेश्वरलाई यश नदिने मानिसहरूको बारेमा यसरी वर्णन गर्दछः "तिनीहरूले परमेश्वरको सत्यलाई झुठोमा परिवर्तन गरे, सृष्टि गर्ने सदासर्वदा आशिषित गौरवमय परमेश्वरलाई भन्दा सृष्टि गरिएका जीवहरूको पूजा र सेवा गरे।" (रोमी १:२५)।

उपरोक्त पदमा पावलले सृष्टिकर्ता र सृष्टि एक आपसमा कसरी भिन्न छन् भनेर देखाएका छन्। त्यही भिन्नतालाई यर्मियाले पनि प्रस्तुत गरेका छन्। सत्य परमेश्वरको सामु ती देवीदेवताहरू कमजोरी र निरिह अर्थात् काम नलाग्ने छन् भनेर भिन्नता देखाउँदै यर्मियाले चर्चा गर्दछन्। केही गर्न पनि असमर्थ हुनेमाथि भरोसा तथा विश्वास गर्नु कस्तो मूर्खता र हाँस्यस्पद छन् भनेर माथिका पदहरूबाट यर्मियाले मानिसहरूलाई बुझाउन खोजेका थिए। मानव निर्मित देवीदेवताहरू सृष्टिकर्ता परमेश्वरको दाँजोमा उल्टो छन् किनकि उहाँले संसारलाई सृष्टिमात्र गर्नुभएन उहाँको शक्तिले संभार तथा पालन पनि गर्नुभएको छ (हिब्रू १:३)।

यर्मियाले व्यक्त गरेका भावनाहरू जतिसुकै पुरानो भएतापिन त्यो अझै समयसापेक्षित छ। मानिसकै हातले बनाएका मूर्तिहरूको सामु घुँडा नटेकौंला वा पूजा नगरौंला न त आकासमा भएका अत्यन्त अचम्मका घट्नाहरूप्रति शोकित र चिन्तिन नहौंला। तरै पनि जसरी यहूदाले उद्धार गर्न नसक्ने हातले बनाएका देवीदेवताहरूमाथि भरोसा राख्दा परमेश्वरको कार्वाहीको सामना गर्नुपर्‍यो त्यसरी नै हामीलाई उद्धार गर्न नसक्ने हामीहरूले सृजना गरेका वस्तुहरूमाथि सजिलोसँग भरोसा राख्दा न्यायको दिनमा हामीलाई उद्धार गर्न सक्दैन भनेर हामीले थाहा पाउनु जरुरी छ।

यदि हामीले होस पुऱ्याएनौं भने परमेश्वरलाई भन्दा हामीले नै सृजना गरेका कस्ता वस्तुहरू छन् जसमा हामी भरोसा राख्ने मनस्थितिमा डुब्न सक्छौं?

## ३. पश्चाताप गरेर परिवर्तित जीवन बिताउन आह्वान

जतिसुकै पापमा ढालिएतापनि यदि मानिसहरू आफ्ना पापहरूबाट फर्किए भने तिनीहरूमाथि परमेश्वरको शदाशयता हटेको हुँदैन भनेर कस्तो आशा यर्मिया २६:१-६मा उहाँले उपलब्ध गराउनु भएको छ? हेर्नुहोस्ः "१ यहूदाका राजा योशियाहका छोरा यहोयाकीमका राजकालको सुरुमा यो वचन परमप्रभुबाट आयोः २ "परमप्रभु यसो भन्नुहुन्छः परमप्रभुका घरको चोकमा खड़ा हो, र परमप्रभुको घरमा आराधना गर्न आउने यहूदाका नगरहरूका समस्त मानिसहरूलाई मैले तिमीलाई भन्नू भनी आज्ञा गरेका सबै कुरा तिनीहरूलाई भन्, एउटै कुरा पनि नछोड्। ३ शायद त्यो सुनेर तिनीहरू हरेक आ-आफ्नो दुष्ट चालदेखि फर्कलान्। तब तिनीहरूका दुष्टताको कारण तिनीहरूमाथि सर्वनाश ल्याउने मेरो मन म छोड्नेछु। ४ तिमीले तिनीहरूलाई भन्नु, 'परमप्रभु यसो भन्नुहुन्छः यदि तिमीहरूले मेरा कुरा ध्यानसित सुनेनौ र मैले तिमीहरूका सामुन्ने राखिदिएको मेरो व्यवस्था तिमीहरूले पालन गरेनौ, ५ र मैले तिमीहरूकहाँ बारम्बार पठाएका मेरा दास, अगमवक्ताहरूका कुरा ध्यानसित सुनेनौ भने (यद्यपि तिमीहरूले ध्यानसित सुनेका छैनौ), ६ तब म यस घरलाई शीलोजस्तै बनाइदिनेछु, र यस सहरलाई चाहिँ पृथ्वीका सारा जातिहरूका बीचमा एउटा श्रापको पात्र तुल्याइदिनेछु' ।"

निचोडमा भन्नुपर्दा उपरोक्त पदहरूमा उल्लेख गरेको सन्देश पुरानो र नयाँ करारका दुवै पुस्तक अर्थात् बाइबलभरि एउटै एउटै भएको पाइन्छ। त्यो होः पश्चातापको आह्वान, आफ्ना पापहरूबाट फनक्क फर्कनु र सारा मानवजातिलाई उपलब्ध गराइएको परमेश्वरको मुक्तिलाई ग्रहण गर्नु।

देहायका पदहरूमा के सन्देशले बुनिएको छ? हेर्नुहोस्ः २ इतिहास ६ः३६-३९ “३६ “जब तिनीहरूले तपाईंको विरुद्धमा पाप गर्छन्– किनकि पाप नगर्ने मानिस कोही पनि छैन– अनि तपाईंले आफ्नो क्रोधमा तिनीहरूलाई कुनै शत्रुको हातमा सुम्पनुहुन्छ र त्यसले तिनीहरूलाई टाढ़ा वा नजिकको कुनै देशमा कैद गरेर लान्छ, ३७ अनि यदि तिनीहरूलाई कैद गरेर लगेको देशमा तिनीहरूले दुःख पाएकाले गर्दा मन बद्लेर पश्चात्ताप गरी ‘हामीले पाप गऱ्यौं, र हठी भएर हामीले दुष्ट काम गऱ्यौं’ भनी त्यो देशमा तपाईंलाई यस्तो अर्ज-बिन्ती चढ़ाए भने, ३८ र यदि तिनीहरूलाई कैद गरेर लगिएको देशमा तिनीहरू फेरि आफ्ना सारा हृदय र प्राणले तपाईंतिर फर्केर तिनीहरूका पुर्खाहरूलाई तपाईंले दिनुभएको देश र तपाईंले चुन्नुभएको यो सहर र तपाईंका नाउँको निम्ति मैले बनाएको यस मन्दिरतिर फर्केर तिनीहरूले तपाईंमा प्रार्थना गरे भने, ३९ तब आफ्नो वासस्थान स्वर्गबाट तिनीहरूको प्रार्थना र अर्ज-बिन्ती सुन्नुहोस्, र तिनीहरूको न्याय गरिदिनुहोस्। अनि तपाईंको विरुद्धमा पाप गरेका तपाईंका प्रजालाई क्षमा गरिदिनुहोस्।", इजकिएल १४ः६ “६ “यसकारण इस्राएलको घरानालाई भन्, ‘परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः पश्चात्ताप गर! आफ्ना मूर्तिहरूदेखि फर्किआओ, र आफ्ना सबै घिनलाग्दा व्यवहारहरू परित्याग गर!", मत्ती ३ः२ “२ “पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिक आएको छ।, लूका २४ः४७ “अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ।" र प्रेरित १७ः३०,३१ “यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ। ३१ किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा

संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकबाट जीवित पार्नुभएर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ।"

"पापको दलदलमा फसिृएका यहूदाका मानिसहरू परमेश्वरको शदाशयता पाउन अयोग्य भएतापनि उहाँले तिनीहरूलाई त्यागनुहुनेथिएन। परमेश्वरलाई नचिनेका र विश्वास नगरेका सारा राष्ट्रहरूको सामु उहाँको नाउँ तिनीहरूले उचालोस् भनेर उहाँले अपेक्षा गर्नुभएको थियो। परमेश्वरका सम्पूर्ण गुणहरूप्रति अपरिचित धेरै मानिसहरूले उहाँको दिब्य वा दैविक चरित्रको महिमालाई हेर्न बाँकि नै थियो। परमेश्वरको कृपालु योजनालाई स्पष्ट पार्ने लक्ष्यलाई बुझाउनको निम्ति ने उहाँले आफ्ना सेवक अगमबक्ताहरूलाई यो सन्देश दिएर पठाउनुभएको थियो "तिमीहरू हरेकले आफ्ना पापी मार्गबाट फनक्क फर्कनु" यर्मिया २५:५। "मेरो नाउँको खातिर म आफ्नो क्रोधलाई सम्हाल्नेछु, तिमीहरूले मेरो प्रशंसा कायम गरिराखुन् भनेर नै तिमीहरूप्रति सदाशयता कायम राख्नेछु ताकि तिमीहरू मबाट पतित नहोस्" परमेश्वरले यशैयाबाट घोषणा गर्नुहुन्छ। "मेरै खातिर, हो मेरै खातिरको निम्ति मैले जे भनें सो गर्नेछु। ओहो! मेरो नाउँलाई कस्तो प्रदुषित पारिएको छ? तर मेरो गौरब तथा महिमा अरू कसैलाई दिने छैन।" यशैया ४८:९,११।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंग्स, पृ. ३१९बाट रूपान्तरित।

अन्तमा पुरानो करारमा होस् नयाँ करारमा होस्, हामी सबैको निम्ति परमेश्वरको सन्देश एउटै छः हामीहरू पापी छौं, हामहरूले गलत काम गरेर हिंडिरहेका छौं, हामी दण्ड भोग्न योग्यका छौं। तर ख्रीष्टको क्रुसले र हाम्रो पापबाट क्षमा पाउन् भनेर येशूको मृत्युले हामीहरू सबै मुक्ति पाउन् भन्ने प्रावधान परमेश्वरले सृजना गर्नुभएको छ। हामीहरूको पापी र गलत स्वभावलाई स्वीकार्नु पर्छ, हामीहरू अयोग्य भएतापनि मुफ्तमा उपलव्ध गराइएको येशूको गुणहरूलाई विश्वासद्वारा ग्रहण गर्नुपर्छ

र हामीहरू पापहरूबाट फर्किन पश्चाताप गर्नुपर्छ। हो, यसमा बिवाद छैन कि सही पश्चाताप भनेको परमेश्वरको अनुग्रहबाट हामीहरूले हामीहरूका पापहरूलाई पन्छाउनु हो।

**हामीले जे गरेतापनि हामीहरूका पापहरूबाट हामी पछुताव गर्नसक्छौं र तिनीहरूबाट क्षमा पाउन सक्छौं। सुसमाचारमा उपलब्ध गराइएको महान् प्रावधान नै यो हो। तपाईंको बर्तमान जीवनमा के यस्ता पापहरू छन् जसलाई तपाईंले अहिले नै पन्छाउनु आवश्यक छ?**

## ४. मृत्युको निम्ति आह्वान

हामीहरूको दृष्टिकोणले पछाडि फर्केर हेर्दा, परमेश्वरमा फर्केर उचित जीवन बिताउन बारम्बार आह्वान गरेतापनि त्यसबेलाका मानिसहरूले त्यस आह्वानलाई नसुनी कठोर हृदयलाई पोसाइ रहेको देख्दा हामीलाई अचम्म लाग्नु स्वभाविकै छ। अघिको बुँदामा हामीले हेर्‍यौं कि यर्मियाको सन्देश जतिसुकै कडा देखिएतापनि त्यसमा आशाको किरणले भरिएको थियो। यदि तिनीहरू पश्चाताप गरेर परमेश्वरतिर फर्केर सही जीवन यापन गरे भने तिनीहरूमाथि आउने भयानक दण्डबाट तिनीहरूलाई जोगाउनु हुनेछ भनेर उल्लेख गरिएको थियो। परमेश्वर र इस्राएलीहरूको बीचमा भएको करार तथा सम्झौतामा प्रतिज्ञा र श्रापहरू समावेश भएका थिए। यदि तिमीहरू परमेश्वरको मार्गमा चले भने तिनीहरूले आशिष पाउने छन् वा यदि उहाँको मार्गको खिलाफमा चले भने तिनीहरूमाथि आउने बिपत्तिबाट तिनीहरूलाई जोगाउन उहाँलाई कर लाग्ने छैन। यदि तिनीहरूले जे गर्नुपर्थ्यो त्यो मात्र गरेको भए, यदि तिनीहरूले परमेश्वरको कुरा सुनेर अनुशासित भएर चल्दा तिनीहरूलाई उपलब्ध गराइएका आशिषहरूलाई उपभोग गर्न सकियो भने सबै कुरा ठीक हुने थियो। परमेश्वरले तिनीहरूलाई क्षमा दिनुहुनेथियो, तिनीहरूका घाऊहरूलाई उहाँले निको पार्नुहुने थियो र तिनीहरूलाई

पुनर्स्थापित गर्नुहुने थियो। तिनीहरूलाई मात्र होइन, हामीलाई पनि उपलब्ध गराइने सुसमाचारको प्रावधान जुन् येशूको बलिले पुरा हुने थियो, पापबाट पर्याप्तमात्रामा क्षमा पाउने थियो र तिनीहरूको बिचल्लीबाट तिनीहरूलाई पुनर्स्थापित गरिने थियो।

मुक्तिको लागि त्यो भन्दा आशा र प्रतिज्ञाको सन्देश अरू के होला?

तर यर्मियाको त्यस सन्देशलाई मानिसहरूले कसरी लिए त? हेर्नुहोस् यर्मिया २६:१०,११ **"१० जब यहूदाका अधिकारीहरूले यी कुरा सुने, तब तिनीहरू राजाको महलदेखि परमप्रभुको घरमा आए, र परमप्रभुका घरको नयाँ मूल ढोकानेर स्थान लिए। ११ तब पूजाहारीहरू र अगमवक्ताहरूले अधिकारीहरू र सबै मानिसहरूलाई यसो भने, "यस मानिसलाई प्राणदण्ड दिनैपर्छ, किनभने यसले यस सहरको विरुद्धमा अगमवाणी गरेको छ। तपाईंहरूले आफ्नै कानले सुन्नुभएको छ!"**

इस्राएलमा केवल अदालतमा जम्मा भएको आधिकारिक व्यक्तिहरूले मात्र प्राणदण्डको निर्णय गर्न सक्थ्यो। त्यो निर्णय गर्न न्यायधिसहरूको बहुमतको आवश्यकता थियो। पुजारी र दावी गरेका अगमवक्ताहरू मिलेर यर्मियाको बिरुद्धमा भिषण अभियोग लगाएका थिए। अपराधी र राज्य बिरुद्धमा षडयन्त्र गर्ने भनेर उनीमाथि दोष थुपारेको थियो।

तर तिनीहरूको बिषम् अभियोगको प्रत्युत्तर यर्मियाको कस्तो थियो? हेर्नहोस्: यर्मिया २६:१२-१५ **"१२ तब यर्मियाले सबै अधिकारीहरू र सारा मानिसहरूलाई भने, "यस भवन र यस सहरको विरुद्धमा तपाईंहरूले सुन्नुभएका जम्मै कुराहरूको अगमवाणी सुनाउनलाई परमप्रभुले मलाई पठाउनुभएकै हो। १३ अब तपाईंहरू आ-आफ्ना चाल र काम सुधार्नुहोस्, र परमप्रभु आफ्ना परमेश्वरको आज्ञापालन गर्नुहोस्। तब तपाईंहरूका विरुद्धमा उहाँले भन्नुभएको सर्वनाशबाट परमप्रभुले मन**

बद्लनुहुनेछ। १४ मचाहिँ त तपाईंहरूका हातमा छु। तपाईंहरूलाई जे असल र ठीक लाग्छ त्यही मसित गर्नुहोस्। १५ केवल योचाहिँ थाहा होस्, कि तपाईंहरूले मेरो हत्या गर्नुभयो भनेदेखि तपाईंहरूले आफूमाथि, यस सहरमाथि र यसमा बस्नेहरूमाथि एक निर्दोष मानिसको रगत बगाएको दोष ल्याउनुहुनेछ, किनकि साँच्चै तपाईंहरूलाई यी सबै कुरा सुनाउनलाई परमप्रभुले नै मलाई पठाउनुभएको हो।"

आफ्नो बिरुद्धमा लगाइको मृत्युदण्डको सजायँको धम्किदेखि अलिकतिपनि पछि
हटेनन्। त्रासको वातावरणमा पनि अगमवक्ताले परमेश्वरबाट आएको सन्देशको एउटा शब्दलाई नरम पारेन। उनलाई दिएको सन्देश जुनसुकै परिस्थिति आइपरेतापनि अलिकतिपनि यताउती नगर्न परमेश्वरले उनलाई सचेत गराउनुभएको थियो (यर्मिया २६:२)। यसरी सुरुमा यर्मियाले आफ्नो दुखेसो पोखाएतापनि, गुनासो गरेतापनि र आफू जन्मेको दिन धिक्कार भनेर श्राप दिएतापनि यहाँ उनी परमेश्वरको मानिस भएर खडा भएको पाउँछौं जो उहाँप्रति बफादार भएर आफ्नो प्रतिवद्धता उहाँलाई देखाउनुभएको थियो।

येशूको निम्ति तथा उहाँमा भएको सत्यको निम्ति व्यक्तिगत मूल्य चुकाएर उभिनुभएको अन्तिम पटक कहिले थियो? तर त्यो परिस्थितिमा तपाईं कहिलै पनि नपर्नुभएको भए त्यसको अर्थ के हो?

## ५. यर्मिया उम्किन्छन्

जतिसुकै डरले थर थर कामिएतापनि, जुनसुकै व्यक्तिगत भावुकतामा आफू पर्न परेतापनि मानिसहरूको सामु यर्मिया पत्थर जस्तै नडगमगिएर उभे। आफ्नो प्रतिवद्धताले गर्दा आफ्नो जीवनको अन्त्य हुनसक्छ भनेर उनलाई पूरा ज्ञान भएतापनि आफ्नो ज्यान

भन्दा ।परमेश्वरको वचनलाई उनले बाहुल्यता दिएर निडरसाथ जनविद्रोहको सामना गरे। उनले राजकुमार र जनताहरूलाई स्पष्टरूपमा यो भनेकि यदि तिनीहरूले उनलाई मारे भने निर्दोषको रगत बगाएकोमा तिनीहरूले सजायँ पाउनेछन् ( यर्मिया २६:१५)। आफूमाथि लगाएको अभियोगमा आफू निर्दोष भएको यर्मियालाई थाहा थियो।

यर्मिया मृत्युबाट कसरी उम्के भनेर यर्मिया २६:१६-२४मा यसरी उल्लेख गरिएको छः "१६ तब अधिकारीहरू र ती सबै मानिसहरूले पूजाहारीहरू र अगमवक्ताहरूलाई भने, "यी मानिस प्राणदण्डको योग्य छैनन्। यिनले हामीलाई परमप्रभु हाम्रा परमेश्वरको नाउँमा यी कुरा भनेका हुन्।" १७ त्यस देशका केही धर्म-गुरुहरूले अगि आएर त्यहाँ जम्मा भएका सबै मानिसहरूलाई भने, १८ "यहूदाका राजा हिजकियाका समयमा मोरेशेतका मीकाले अगमवाणी गरे। यहूदाका सबै मानिसहरूलाई तिनले यसो भने, 'सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः सियोन खेतझैं जोतिनेछ, यरूशलेमचाहिँ ढुङ्गा-रोड़ाको ढेर बन्नेछ, मन्दिरको डाँड़ाचाहिँ झाड़ीहरू बढ़ेर आएको ढिस्कोझैं हुनेछ' । १९ "के यहूदाका राजा हिजकिया वा यहूदाका अरू कसैले तिनलाई मारे र? अनि के परमप्रभुदेखि डराएर हिजकियाले उहाँको निगाहा खोजेनन् र? के तिनीहरूमाथि ल्याउने विपत्तिदेखि परमप्रभुले आफ्नो मन बद्लनुभएन र? हामीले त आफूमाथि ठूलो सर्वनाश ल्याउन लागेका छौं।" २० (अर्का एक जना मानिस पनि थिए, जसले परमप्रभुको नाउँमा अगमवाणी बोल्थे। तिनी किर्यत-यारीममा बस्ने शमायाहका छोरा उरियाह थिए। तिनले पनि यस सहर र यस देशको विरुद्धमा यर्मियाले भनेजस्तै अगमवाणी कहे। २१ जब राजा यहोयाकीम र तिनका सबै अधिकृतहरू र अधिकारीहरूले उरियाहका यी वचन सुने, तब राजाले तिनलाई मार्न खोजे। तर यो कुरा सुनेर उरियाह डराए, र

भागेर मिश्रदेशमा गए। २२ तापनि यहोयाकीमले मिश्रदेशमा अक्बोरको छोरो एल्नातान र त्यसका साथमा केही मानिसहरूलाई पठाए। २३ तिनीहरूले उरियाहलाई मिश्रदेशबाट ल्याए, र राजा यहोयाकीमको सामुन्ने हाजिर गराए। राजाले तिनलाई मार्न तरवार प्रहार गर्न लाए, र तिनको लाश साधारण मानिसहरू गाड्ने ठाउँमा फ्याँकिदिन लगाए।) २४ शापानका छोरा अहीकामले अझै यर्मियाको पक्षमा बोले, यसैले यर्मिया मारिनलाई मानिसहरूका हातमा सुम्पिएनन्।"

**यो कस्तो आश्चर्यचकित पार्ने कुरो हो कि पुजारी र अगमवक्ताहरू जो आत्मिक अगुवाहरू थिए, तिनीहरूलाई एल्डर तथा मन्दिरको तलब नखाने सर्वसाधारण मानिसहरू अघि सरेर यर्मियाको पक्षमा उभे। तिनीहरूले यर्मियाको समय भन्दा सय वर्ष अघिका मिकाको बारेमा ती धर्मगुरूहरूलाई स्मरण गराए। त्यसबेला उनले पनि राजा तथा जनतालाई पश्चाताप गर्न सल्लाह दिएका थिए र सारा राष्ट्र एक जुट भएर आआफ्ना पापबाट पछुताव गरेर जसको फलस्वरुप तिनीहरूमाथि आइपर्ने तत्काल बिध्वँस तर्न गयो। पछि तिनीहरू पाप गर्नमा नै फर्केपछि तिनीहरूले दण्ड त भोगेका थिए। यर्मियाको समयमा रहेका सर्वसाधारण जनताहरू ती धार्मिक पण्डित तथा पुजारीहरू भन्दा बुद्धिमानी थिए र परमेश्वरका अगमवक्तालाई मृत्युदण्ड दिने भुल गरेर राष्ट्रमाथि आइपर्ने बिपत्तिबाट बचाउन तिनीहरूले चाहेका थिए।**

**मृत्युदण्डको अभियोगबाट यर्मिया उम्किनुको अर्थ उनमाथि लगाएका दोषहरूबाट उनले सफाइ पाइएको प्रमाणित गर्दछ। यद्यपि पुजारी पण्डित र आत्मिक अगुवा अगमवक्ता भनाउँदाहरू यर्मियाप्रति राखेको पूर्वाग्रह र घृणा अत्यन्त चर्को थियो। यर्मियाप्रति रिस र उनलाई बदला लिने भावनाले तिनीहरू पोसिएका थिए र यसबेला नभएतापनि अरू कुनै बेला आफूहरूमा भएको सम्पूर्ण**

क्रोध उनीमाथि पोखाउन निर्णय गर्न पुगेका थिए। तत्काल यर्मिया मृत्युदण्डबाट जोगिएतापनि त्यो केवल क्षणिकको निम्तिमात्र थियो। उनी पूरामात्रामा खतरामुक्त थिएन।

कतिपय मानिसहरू इतिहासबाट सिक्न चाहन्छ भने कतिपय मानिसहरू त्यसबाट सिक्न अश्वीकार गरेको ज्वलन्त उदाहरण हामीले यहाँ पाउँछौं। सयौं वर्षपछि त्यस्तै खालको परिस्थित उब्जेको हामी पाउँछौं। येशूका चेलाहरूप्रति गरिने व्यवहारमा सतर्कता अपनाउन अरू धार्मिक अगुवाहरूलाई फरिसी पण्डित गमलिएलले सल्लाह दिएका थिए तर तिनीहरूले उनको कुरालाई तत्काले सुनेपनि पछि चेलाहरूमाथि भौतिक कार्वाही गर्न पुगेका थिए।

प्रेरित ५:२९-४१मा चेलाहरूले पनि यर्मियाको जस्तो गति भोग्न पुगेका थिए। हामी पनि इतिहासबाट र हाम्रो पूर्खाले गरेका भुलहरू नदोऱ्याउन कसरी सिक्ने? हेर्नुहोस्: “२९ तर पत्रुस र प्रेरितहरूले भने, “हामीले मानिसहरूको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ। ३० हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई मृतकबाट जीवित पार्नुभयो, जसलाई तपाईंहरूले काठमा टाँगेर मार्नुभएको थियो। ३१ परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरूलाई पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो। ३२ यी सबै कुराका हामी साक्षी छौं, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई दिनुभएको छ।” ३३ तर जब उनीहरूले यो सुने तब उनीहरू साह्रै रिसाए, र तिनीहरूलाई मार्न खोजे। ३४ तर व्यवस्थाका पण्डित र जनतामा माननीय गमलिएल नाम भएका फरिसीले महासभामा उठेर तिनीहरूलाई केही बेर बाहिर जाने आदेश दिए, ३५ र उनले महासभाका मानिसहरूलाई भने, “इस्राएली हो, यी मानिसहरूलाई तपाईंहरूले जे गर्न आँट्नुभएको छ, त्यसमा

होशियार हुनुहोस्। ३६ किनकि आजभन्दा अघि पनि थूदासले कोही हुँ भन्ने दाबी गऱ्यो र प्रायः चार सय मानिसहरू त्यसको पछि लागे। त्यो मारियो, र त्यसको पछि लाग्नेहरू सबै छरपष्ट भए र सब व्यर्थ भयो। ३७ यस मानिसपछि जनगणनाको समयमा गालीलको यहूदा भन्ने खड़ा भयो, र कतिपय मानिसहरूलाई आफूतिर खिँच्यो। त्यो पनि नष्ट भयो, र त्यसलाई मान्नेहरू यताउता छरिएर गए।"

## उपसंहार

थप जानकारीः "**आफ्नो जीवन हाम्रो निम्ति येशूले दिनुभएको कारणले नै हामीले परमेश्वरको प्रेमलाई बुझ्न सक्छौं**" (१ यूहन्ना ३:१६)। **हो, परमेश्वरको प्रेमलाई बुझ्न हामीले प्राकृतिक वातावरणमा, मानव जीवनको सम्बन्धमा र सृष्टिको अचम्म क्रियाकलापहरूलाई हेर्नसक्छौं। तर पापले गर्दा प्राकृतिक जगतमा क्षति पुगेको तिनीहरूको सराहनामात्र होइन तिनीहरूलाई उचितपूर्वक बुझ्न पनि हामी असमर्थ हुन पुगेका छौं। तर पापले क्षतिले गर्दा पर्दाले छोपेका ती वातावरणहरूलाई क्रुसले च्यातिदिएको छ। परमेश्वरको प्रेमको उत्कृष्ट र चर्को नमुनालाई संसारको सामु उदाङ्ग पारिएको छ। परमेश्वरको प्रेमप्रति भावविह्वल भएर एलेन जी ह्वाइटले यो भन्न पुगेकी थिइन् कि "ओहो, परमेश्वरको दिव्यप्रेम कस्तो अवर्णनिय छ!"** (द एसडिए बाइबबल कमेन्टरी, ठेली ७, पृ. ९२४)।

*परमेश्वरको अवर्णनिय प्रेम?*

**हामीप्रति त्री-एक परमेश्वरको प्रेम यति महान् थियो कि अनन्तदेखि नै अवर्णनिय प्रेम हामीलाई देखाएर क्रुसको महान् पिडासम्म भोग्न सहन पुगेका थिए। "मेरा परमेश्वर, मेरा परमेश्वर, मलाई किन छोड्नुभयो?"** (मत्ती २७:४६) **भन्ने येशूको चित्कारले हामीलाई बचाउन वर्णननै गर्न नसकिने परमेश्वरको**

प्रेमको शिखर नमुनाको उत्कृष्ट र शक्तिशाली भावव्यक्तताले स्पष्ट पार्दछ। हामीहरूको पापले गर्दा येशूले पिडा र कष्टलाई क्रुसमा सहनुपरेको हामी छर्लङ्ग देख्न सक्छौं।

उहाँले हामीलाई पहिलो प्रेम गरेको कारणले उहाँलाई हामीले प्रेम गर्ने स्वभाविकै हो ( १ यूहन्ना ४:१९)। हामी पतित भएतापनि केही हदसम्म त्यो प्रेमको अनुसरण गर्न सक्छौं। तर कतिपय समयमा हामीहरूको स्वार्थ र पापी अभिलाषाले गर्दा हामीले देखाउने प्रेम पनि बाँगिन पुगेको हुन्छ। परमेश्वरको प्रेम हाम्रो भन्दा उचलिएको हुन्छः जसरी चिल्लो र हिलो माटोले आकाशलाई प्रतिविम्ब गर्छ त्यस्तै खालको प्रेम हामीले परमेश्वरको प्रेम झल्काउँछौं।

**चिन्तनमनन:**

१. पशु र प्रकृतिलाई हामीहरूले भगवान भनेर नपुजेतापनि सृष्टिकर्ताभन्दा तिनीहरूलाई पुजनिय मान्ने खतराबाट हामी कसरी उम्कने?
२. येशूभक्त भनेर दावी गर्नेहरूको जीवनमा पश्चातापको भूमिका कस्तो हुन्छ? सुरूमा पश्चाताप गरेर येशूलाई ग्रहण गरेतापनि विश्वासको जीवन यापन गर्न निरन्तररूपमा पश्चाताप गर्ने मनस्थिति किन जगाइ राख्नुपर्छ?
३. वर्णन गर्नै नसकिने परमेश्वरको प्रेमको बारेमा तपाईंको मगज खेलाउनुहोस्। यो कसरी हामीले बुझ्ने? अरू केही नभएतपनि पापको मोल कति चर्को र घातक कतिको रहेछ भनेर हामीले बुझ्न खोज्न सक्छौं?